# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टङ्गाल, काठमाडौं

मितिः २०८३।०३।२५ गते ।

# प्रेस विज्ञप्ति

## विषयः आरोपपत्र दायर गरिएको ।

जिल्ला सिरहा, विष्णुपुर गाउँपालिका वडा नं. १ मा अवस्थित साना किसान कृषि सहकारी संस्था लिमिटेड, विष्णुपुरमा विष्णुपुर धान प्रशोधन उद्योग स्थापनाको लागि नेपाल सरकारबाट प्राप्त हुन आएको रकम साना किसान कृषि सहकारी संस्था लिमिटेड, विष्णुपुरका प्रबन्धक सञ्चालक समिति लगायतको मिलेमतोमा उपभोक्ता समिति खडा गरी फर्जी मूल्याङ्कन बनाई रकम भुक्तानी लिएको भन्नेसमेत बेहोराको प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा प्रतिबादी विष्णुपुर गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत रविन्द्र कुमार महतसमेतका प्रतिवादीहरूको आपसी मिलोमतोमा बदनियतपूर्वक आफूहरूलाई लाभ लिने उद्देश्यले नेपाल सरकार एवं विष्णुपुर गाउँपालिकाको रकम हिनामिना दुरूपयोग गर्ने बदनियतले सिरहा जिल्ला, विष्णुपुर गाउँपालिका वडा नं. १ स्थित साना किसान कृषि सहकारी संस्था लिमिटेड, विष्णुपुरमा धान प्रशोधन उद्योगको लागि आ.व. २०७७/०७८ को संघीय सरकारबाट सशर्त अनुदान कार्यक्रमतर्फको कृषि सहकारी संस्थामार्फत ५० प्रतिशत लागत साझेदारी कार्यक्रम अन्तर्गत विष्णुपुर धान प्रशोधन उद्योग स्थापना कार्यको लागि रू.५०,००,०००/—(पचास लाख रूपैयाँ) बजेट स्वीकृत भएको, विष्णुपुर गाउँपालिकाको मिति २०७८/०२/१७ मा स्वीकृत योजना फाराम अनुसार सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (१क) बमोजिम मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश समेतको रकम समावेश भएको लागत अनुमान एक करोड रूपैयाँसम्म मात्र निर्माण कार्य गराउनु पर्नेमा सो व्यवस्था विपरीत मिति २०७८/०२/१७ मा अनुमानित लागत रू.१,११,०२,०५०/०८ (एक करोड एघार लाख दुई हजार पचास रूपैयाँ आठ पैसा) मा विष्णुपुर गाउँपालिकाको योजना सम्झौता फाराममा द्विपक्षीय सम्झौता गरी निर्माण कार्य गरेको, मिति २०७८।०२।१७ मा भएको त्रिपक्षीय सम्झौता बमोजिम उपभोक्ता समितिलाई ५०/५० प्रतिशत रकमका दरले भुक्तानी दिनु पर्नेमा गाउँपालिकाले नेपाल सरकारबाट अनुदान बापत अर्थात शत प्रतिशत रकम रू.५०,००,०००/- (पचास लाख रूपैयाँ) मध्ये (सामाजिक सुरक्षा र अग्रीम आय कर बाहेक) रू.४९,२०,९०३/- (उन्नपचास लाख बीस हजार नौ सय तीन रूपैयाँ) रकम उपभोक्ता समितिलाई भुक्तानी गरी/गराई साना किसान कृषि सहकारी संस्था लिमिटेडलाई ५०% लागत साझेदारी गर्नु गराउनुपर्नेमा कानुन बमोजिम कर्तव्य र कार्यविधि जानी जानी पूरा नगरी उपभोक्ता समितिलाई रकम उपलब्ध नगराएको र हाल सो योजना अपूर्ण, जीर्ण तथा प्रयोगविहीन अवस्थामा भए/रहेको देखिएकोले हालसम्म निर्माण गरिएको संरचना कुनै पनि प्रयोजनको लागि उपयोग गर्न सक्ने अवस्थासमेत नरहेकोले नेपाल सरकारको सम्पत्ति हानिनोक्सानी गर्ने कार्यमा विष्णुपुर गाउँपालिकाका जिम्मेवार कर्मचारी, साना किसान कृषि सहकारी संस्था लिमिटेड विष्णुपुर र उपभोक्ता समितिका व्यक्तिहरूसमेतको संलग्नतामा नेपाल सरकारबाट अनुदान बापत रू.४९,२०,९०३/- (उन्नपचास लाख बीस हजार नौ सय तीन रूपैयाँ)

भुक्तानीसमेत गरे गराएको पुष्टि हुन आएकोले उक्त कार्यमा संलग्न देहायका प्रतिवादीहरू उपर देहाय बमोजिमको सजाय हुन मागदाबी लिई आज बिशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

<u>देहाय</u>

| सि.नं | नामथर, पद र कार्यालय | बिगो रू. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | विष्णुपुर गाउँपालिका सिरहाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत **रविन्द्र कुमार महत** | रू.४९,२०,९०३/- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो रू. उन्नपचास लाख बीस हजार नौ सय तीन रूपैयाँ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरेबमोजिम सोही भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (छ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को खण्ड (ङ) बमोजिम कैद सजाय र सोही भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना सजाय गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असूल उपर हुन मागदाबी लिइएको छ। |
| २. | विष्णुपुर गाउँपालिका सिरहाका तत्कालीन इन्जिनियर तथा योजना शाखा प्रमुख **अनिक यादव** | रू.४९,२०,९०३/- | भ्रष्टाचार निवारण ऐन, २०५९ दफा १७ बमोजिमको कसुरमा बिगो रू. उन्नपचास लाख बीस हजार नौ सय तीन रूपैयाँ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ दफा १७ ले निर्देश गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (छ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को खण्ड (ङ) बमोजिम कैद सजाय र सोही भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना सजाय गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असूल उपर हुन मागदाबी लिइएको छ। |
| ३. | विष्णुपुर गाउँपालिका सिरहाका तत्कालीन लेखापाल **रमेश गदाल** | रू.४९,२०,९०३/- | भ्रष्टाचार निवारण ऐन, २०५९ दफा १७ बमोजिमको कसुरमा बिगो रू. उन्नपचास लाख बीस हजार नौ सय तीन रूपैयाँ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ दफा १७ ले निर्देश गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ कोदफा ३ को उपदफा (१) को देहाय (छ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को खण्ड (ङ) बमोजिम कैद सजाय र सोही भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना सजाय गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असूल उपर हुन मागदाबी लिइएको छ। |
| ४. | **साना किसान कृषि सहकारी संस्था लिमिटेड विष्णुपुर, सिरहा** तथा सोका | रू.४९,२०,९०३/- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरजन्य कार्यको नगद तथा अन्य गैरकानूनी लाभ प्राप्त गर्ने मतियार भई सोही भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिमको कसुर भएको हुँदा निज प्रतिबादीलाई मुख्य कसुरदारलाई हुने बिगो |

| | | | |
|---|---|---|---|
| | तत्कालीन अध्यक्ष **सरोज कुमार यादव** | | रू.उन्नपचास लाख बीस हजार नौ सय तीन रूपैयाँ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (छ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ङ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असूल उपर हुने सजायलाई आधार लिई सोही ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिम मुख्य कसुरदार सरह सजाय हुन मागदाबी लिइएको छ। |
| ५. | साना किसान कृषि सहकारी संस्था लिमिटेड विष्णुपुर, सिरहाका सञ्चालक समितिका तत्कालीन सदस्य **राजेश्वर प्रसाद सिंह** | **रू.४९,२०,९०३/-** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरजन्य कार्यको नगद तथा अन्य गैरकानूनी लाभ प्राप्त गर्ने मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसुर भएको हुँदा मुख्य कसुरदारलाई बिगो रू. उन्नपचास लाख बीस हजार नौ सय तीन रूपैयाँ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (छ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ङ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असूल उपर हुने सजायलाई आधार लिई सोही ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिम मुख्य कसुरदार सरह सजाय हुन मागदाबी लिइएको छ। |
| ६. | साना किसान कृषि सहकारी संस्था लिमिटेड विष्णुपुरका धान प्रशोधन उद्योग स्थापनाको निर्माण उपभोक्ता समितिका अध्यक्ष **मनोज कुमार यादव,** कोषाध्यक्ष **कविता कुमारी** र सचिव **राम वावु यादव** | **रू.४९,२०,९०३/-** | भ्रष्टाचार निवारण ऐन, २०५९को दफा १७ बमोजिमको कसुरजन्य कार्यको नगद तथा अन्य गैरकानूनी लाभ प्राप्त गर्ने मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसुर भएको हुँदा मुख्य कसुरदारलाई बिगो रू. उन्नपचास लाख बीस हजार नौ सय तीन रूपैयाँ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (छ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ङ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असूल उपर हुने सजायलाई आधार लिई सोही ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिम मुख्य कसुरदार सरह सजाय हुन मागदाबी लिइएको छ। |

प्रवक्ता
सुरेश न्यौपाने